सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि व्यवसाय प्रबर्द्धन सहयोग तथा तालिम केन्द्र
सुन्दरपुर, कंचनपुर

प.सं.:२०८२।०८३
च.नं :

## चमेना गृह (क्यान्टिन) सञ्चालन सम्बन्धी १५ दिने सूचना ।

## प्रथम पटक प्रकाशित मिति २०८२।०४।०६

यस कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र सुन्दरपुर, कञ्चनपुरमा आ. ब. ०८२।०८३ मा सञ्चालन हुने तालिम कार्यक्रमका प्रशिक्षार्थि तथा प्रशिक्षकहरुलाई आवश्यकता र माग अनुसार खाना, चिया, खाजा र अन्य खाद्य परिकार खुवाउन तालिम केन्द्रभित्र रहेको क्यान्टिन सञ्चालन गर्न दिनुपर्ने भएकाले सञ्चालन गर्न इच्छुक व्यक्तिहरुलाई यस तालिम केन्द्रको लेखा शाखाबाट खाद्य परिकारहरुको विवरण र दररेट भएको कोटेशन फाराम रु. १,०००।०० (अक्षरेपि एक हजार रुपैयाँ मात्र) नगद बुझाइ यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले पन्ध्रौ दिनको कार्यालय समयभित्र उपलब्ध गराउन सकिनेछ । फाराममा आफुले उपलब्ध गराउन सक्ने दररेट सामेल गरी क्यान्टिन सञ्चालनका लागि धरौटी बाफत राष्ट्रिय बाणिज्य बैंक महेन्द्रनगर स्थित प्रदेश लेखा इकाइ कार्यालय महेन्द्रनगर, कञ्चनपुरको धरौटी खाता नं. ४१८०१००२०२०३०००० खातामा रु. २२,०००।०० (अक्षरेपी बाईस हजार रुपैया मात्र) तालिम केन्द्रका नाममा जम्मा गरेको बैंक भौचरको सक्कल प्रति, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, फर्म दर्ता प्रमाण पत्र तथा स्थायी लेखा नम्बर लिएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि र आ. ब. ०८०।०८१ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी सहित रु. १० को टिकट टाँसी सूचना प्रकाशित भएको १६ औं दिनको १२.०० बजेभित्र यस तालिम केन्द्रको कार्यालयमा खाम बन्दी निवेदन दर्ता गराइ सक्नुपर्नेछ । प्राप्त खामबन्दी निवेदनहरु सोही सोह्रौ दिनको २.०० बजे कार्यालय प्रतिनिधिहरुको रोहबरमा खोलिने छन्। क्यान्टिन सञ्चालन गरे बाफत सञ्चालकले मासिक रु. ५,५००।०० (अक्षरेपी पाँच हजार पाँच सय रुपैया मात्र) यस तालिम केन्द्रलाई भुक्तानी गर्नुपर्नेछ। रित नपुगेका तथा म्याद नाघि आएका निवेदन उपर कुनै कारवाही हुने छैन । निवेदकले कोटेशन फाराममा उल्लेख भएका शर्तहरुको अधिनमा रही दर रेट पेश गर्नुपर्नेछ । क्यान्टिन सञ्चालन गर्न दिने नदिने सम्पुर्ण अधिकार यस तालिम केन्द्रमा निहित हुनेछ । अन्य जानकारीका लागि यस तालिम केन्द्रको कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ ।

यज्ञराज जोशी
प्रमुख
अधिकृतस्तर एघारौं

व्यावसायिक र सिर्जनशील प्रशासन: विकास,सम्बृद्धि र सुसासन

Email:ratc.sundarpur@gmail.com Website: www.abpstc.sudurpashchim.gov.np